# सिद्ध कुमारव गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
**ढोरचौर, सल्यान**
**कर्णाली प्रदेश, नेपाल**

प.स. २०८१।८२
च.न.

मिति २०८१/०९/२९ गते बस्ने कार्यपालिकाको बैठकमा अध्यक्ष द्धारा प्रस्तवित एजेण्डा :

१. अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।
२. आगामी आव २०८२/८३ को आय व्यय प्रक्षपण  सम्बन्धमा ।
३. अधिकृत (सातौ तह) नियुक्ति तथा पदस्थापना सम्बन्धमा ।
४. स्थानीय तहको संस्थागत क्षमात स्वमुल्यांकन सम्बन्धमा ।
५. खानेपानी योजना प्राथमिकरण सम्बन्धमा ।
६. करार कर्मचारीको म्याद थप सम्बन्धमा ।
७. झोलुङ्गे पुल माग गर्ने सम्बन्धमा ।
८. आव २०८१।८२ को बजेट तथा कार्यक्रम शंसोधन प्रस्ताव सभामा पेश गर्ने सम्बन्धमा ।
९. आवधिक शिक्षा योजना (२०८१-२०८७) दोस्रो संशोधन स्वीकृत सम्वन्धमा ।
१०. विविध ।

**प्रस्ताव नं १ अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।**

**निर्णय नं १:**

यस अघि मिति २०८१/०९/११ गते बसेको गाउँ कार्यपालिकाको सातौं बैठकका पारित निर्णयहरु कार्यान्वयन भए/नभएको भन्ने सम्बन्धमा ब्यापक छलफल गरि समिक्षा गरियो।

**प्रस्ताव नं २ आगामी आव २०८२/८३ को आय व्यय प्रक्षपण सम्बन्धमा ।**

**निर्णय नं २:**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १८ को व्यवस्था अनुसार स्थानीय तहबाट प्रत्येक पौष मसान्त भित्र पेश गर्नु पर्ने आगामि आव २०८२।८३ को आय व्ययको प्रक्षेपण प्रस्तावमा पेश भए बमोजिम स्वकृत गरि प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं ३ अधिकृत (सातौ तह) नियुक्ति तथा पदस्थापना सम्बन्धमा ।**

**निर्णय नं ३:**

कर्णाली प्रदेश लोक सेवा आयोगको मिति २०८१/०९/२१ आ.व. २०८१/८२ च.न. ४१३ को सिफारीस पत्र बमोजिम यस गाउँपालिका अन्तर्गत तपसिलका कर्मचारी सिफारिस भै आएकोले **कर्णाली प्रदेशको "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१"** को दफा १५ उपदफा (१) बमोजिम मिति २०८१/०९/२१ देखि लागु हुने गरी नियुक्ति तथा पदस्थापना गर्ने निर्णय गरियो ।

| सि न | नाम थर | पद | तह | सेवा/समुह |
|---|---|---|---|---|
| १ | घनश्याम दाहाल | पशु चिकित्सक | सातौं | कृषि/भेटेरीनरी |

**प्रस्ताव नं ४ स्थानीय तहको संस्थागत क्षमात स्वमुल्यांकन सम्बन्धमा ।**

**निर्णय नं ४**

**स्थानीय तह संस्थागत क्षमाता स्वमुल्याङकन कार्यविधी २०७७** बमोजिम आव २०८०।८१ को सिद्ध कुमाख गाउँपालिकाको संस्थागत क्षमाता स्वमुल्याङ्कन (LISA)को प्राप्त नतिजामा छलफल गरी देहाय बमोजिमको अन्तिम प्रतिबेदन स्वीकृत गरि अनुमोदनको लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

| **सि न** | **स्वमुल्यांकनका क्षेत्रहरु** | **पुर्णांक** | **प्रासांक** |
|---|---|---|---|
| 1 | शासकीय प्रबन्ध | ९ | ८.५ |

| | | | |
|---|---|---|---|
| 2 | संगठन तथा प्रशासन | ८ | ७.५ |
| 3 | बार्षिक बजेट तथा योजना ब्यवस्थापन | ११ | ६.५ |
| 4 | वित्तिय एंव आर्थिक ब्यवस्थापन | ११ | १०.२५ |
| 5 | सार्वजनिक सेवा प्रवाह | १६ | १४.२५ |
| 6 | न्यायिक कार्य सम्पादन | ७ | ६ |
| 7 | भौतिक पुर्वाधार | १३ | ५ |
| 8 | सामाजिक समावेशिकरण | १० | ८ |
| 9 | बातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ९ | ५ |
| 10 | सहकार्य र समन्वय | ६ | ३ |
| | | १०० | ७४ |

**प्रस्ताव नं ५ खानेपानी योजना प्राथमिकरण सम्बन्धमा ।**

**निर्णय नं ५**

सिद्ध कुमाख गाउँपालिकामा सञ्चालित सवैका लागि दिगो खानेपानी सरसफाई तथा स्वच्छता (सुस्वा) आयोजना अन्तर्गत आव २०८१/८२ का लागि तपशिलका खानेपानी आयोजनाहरु प्राथमिकीकरण गर्ने निर्णय गरियो ।

तपशिलः

| सि न | योजनाको नाम | वडा नं | योजनाको प्रकार | प्राथमिकिकरण | कैफियत |
|---|---|---|---|---|---|
| १ | बाँझकाडा लिफ्ट खानेपानी तथा सरसफाइ योजना | १ | लिफ्ट | अति उच्च | |
| २ | चुरेनीगारे सरस्वति आवि खानेपानी योजना | १ | ग्राभिटी पाइपलाइन | उच्च | |
| ३ | जुगेखोला माथिल्लो कुकुरेखोर खानेपानी योजना | १ | ग्राभिटी पाइपलाइन | अति उच्च | |
| ४ | तुसारे मुल खानेपानी योजना | २ | ग्राभिटी पाइपलाइन | अति उच्च | छुटेको |
| ५ | कागखोली गाउँ खानेपानी योजना | २ | ग्राभिटी पाइपलाइन | अति उच्च | |
| ६ | चौरागाउँ खानेपानी योजना | २ | ग्राभिटी पाइपलाइन | उच्च | |
| ७ | खरिखोला खानेपानी मर्मत योजना | ३ | ग्राभिटी पाइपलाइन | अति उच्च | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | गतेर्ना राउटेचौर बाटुले खानेपानी मर्मत योजना | ३ | ग्राभिटी पाइपलाइन | अति उच्च | |
| ९ | विसुन्थली खानेपानी मर्मत योजना | ३ | ग्राभिटी पाइपलाइन | अति उच्च | |
| १० | काफलखोली खानेपानी योजना | ४ | ग्राभिटी पाइपलाइन | अति उच्च | |
| ११ | गौरिखोला खानेपानी योजना | ४ | ग्राभिटी पाइपलाइन | अति उच्च | |
| १२ | खारामुल जिउला खानेपानी योजना | ४ | ग्राभिटी पाइपलाइन | उच्च | |
| १३ | मुदेओडार खानेपानी योजना | ४ | ग्राभिटी पाइपलाइन | अति उच्च | छुटेको |
| १४ | बुदेगारे खानेपानी योजना | ५ | ग्राभिटी पाइपलाइन | उच्च | |
| १५ | पान्नेखोला खानेपानी योजना | ५ | ग्राभिटी पाइपलाइन | उच्च | |
| १६ | तिर्सेखोला खानेपानी योजना | ५ | ग्राभिटी पाइपलाइन | अति उच्च | |

**प्रस्ताव नं ६ करार कर्मचारीको म्याद थप सम्बन्धमा ।**

**निर्णय नं ६**

गाउँपालिका अन्तरगत करार सेवामा कार्यरत कर्मचारीहरुको २०८१ श्रावण देखि २०८१ पौष सम्मको कार्य सम्पादन मुल्याङकनका आधारमा **करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन स्तर मूल्याङ्कन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड,** २०८० बमोजिम करार तर्फ कार्यरत सबै कर्माचरीको कार्य सम्पादन सन्तोषजनक देखिएकोले करार अवधि २०८२ आसार मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ७ आव २०८१।८२ को बजेट तथा कार्यक्रम शंसोधन प्रस्ताव सभामा पेश गर्ने सम्बन्धमा ।**

**निर्णय नं ७:**

चालु आर्थिक वर्ष २०८१।८२ का लागि गाउँ सभाबाट विनियोजन गरिएको बजेट तथा कार्यक्रमको हाल सम्मको चालु तथा पुँजीगत खर्चको अवस्थालाई समिक्षा गर्दा गाउँपालिका तथा वडा कार्यालयबाट विनियोजित बजेट तथा कार्यक्रममा केहि संशोधन गर्नु पर्ने भएकोले बजेट तथा कार्यक्रम संशोधन प्रस्ताव १६ औं गाउँ सभाको बैठकमा लैजाने निर्णय गरियो ।

**प्रस्ताव नं ८ झोलुङ्गे पुल माग गर्ने सम्बन्धमा ।**

**निर्णय नं ८:**
गाउँपालिकाको विभिन्न खोला नाला तथा अन्य स्थानहरुमा झोलुङ्गे पुल आवश्यक पर्ने देखिएकोले तपसिलका स्थानहरुमा प्राथमिकताको आधारमा झोलुङ्गे पुल माग गरी स्थानीय पुर्वाधार विकास विभाग ललितपुरमा पठाउने निर्णय गरियो ।

| सि न | झोलुङ्गे पुलको नाम | ठेगाना |
|---|---|---|
| १ | भडारे कागखोला झोपु | सिद्ध कुमाख २ सल्यान |
| २ | भाङ्गाचौर-कुइयाँझोल झोपु | सिद्ध कुमाख २ सल्यान |
| ३ | सिमटारे खोला झोपु | सिद्ध कुमाख ४ सल्यान |
| ४ | माझखर्क-फलाटे झोपु | सिद्ध कुमाख ३ र ५ |
| ५ | झाँक्रीगोर-ठुलाभिर झोपु | सिद्ध कुमाख ४ सल्यान |

**प्रस्ताव नं ९ आवधिक शिक्षा योजना (२०८१-२०८७) दोस्रो संशोधन स्वीकृत सम्वन्धमा ।**

**निर्णय नं ९:**
सिद्ध कुमाख गाउँपालिकाको **आवधिक शिक्षा योजना (२०८१-२०८७) दोस्रो संशोधन** स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं १० विविध ।**

**निर्णय नं १०:**
सिद्ध कुमाख गाउँपालिका वडा नं १ मा रहेको प्रगतिशिल स्वास्थ्य आमा समुहको लागि नौमती बाजा खरिद गर्ने निर्णय गरियो ।